त्रिभुवन विश्वविद्यालय ☎ ०२३-४८०२७५

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## गौरादह कृषि क्याम्पस

गौरादह झापा, नेपाल

च.नं.
प.सं. ०८०।०८१

## जनशक्ति आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।१०।०४**

यस गौरादह कृषि क्याम्पसका लागि तपशिल बमोजिमका कर्मचारी आवश्यक भएकोले सेवा ठेक्कामा कर्मचारी आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त आपूर्तिकर्ता संस्था (Recruitment Company) हरुबाट सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**तपशिल**

| क्र.सं. | कर्मचारी विवरण | आवस्यक संख्या |
|---|---|---|
| १. | सवारी चालक | १ |
| २. | म्यासेन्जर | १ |
| ३. | सुरक्षा गार्ड | ३ |
| ४. | कार्यालय सहयोगी | २ |
| ५. | सरसफाई | १ |
| ६. | माली तथा फिल्डको काम गर्ने | २ |
| **जम्मा :** | | **१०** |

**शर्तहरु :**

(१) बोलपत्र फारम रु. ३,०००। (फिर्ता नहुने) दस्तुर लेखा शाखाबाट नगदै रसिद कटाई वा गौरादह कृषि क्याम्पसको नाममा नेपाल बैंक लिमिटेड, गौरादह शाखामा रहेको चल्ती हिसाब नं. ०८४००१०६५५३७७२००००००२ मा नगद जम्मा गरको सक्कल बैंक भौचर यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा लेखा शाखाबाट खरिद गर्न सकिनेछ । साथै बोलपत्र फारम https://gac.tu.edu.np/ बाट पनि प्राप्त गर्न सकिनेछ ।

(२) यस क्याम्पसबाट खरिद गरेको बोलपत्र फारम नियम अनुसार भरी सिलबन्दी गरी खाम बाहिर उपलब्ध गराउने कामदारको विवरण (बोलपत्र अनुसारको आंशिक वा सम्पूर्ण), बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन दिउंसो १२ :०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको दिउंसो २ :०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए तापनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बोलपत्रका साथमा आपूर्तिकर्ता संस्थाले निम्नानुसारका कागजातहरु समावेश गर्नु पर्नेछ ।

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको र सम्बन्धित कार्य सम्पादनको उद्देश्य स्पष्ट उल्लेख भएको इजाजत पत्र ।

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र ।

(ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र ।

Email : kgauradaha22@gmail.com, info@gac.tu.edu.np / Website : https://gac.tu.edu.np

(घ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको र नेपाल सरकारले तोकेको नियमानुसार न्यूनतम तलब, भत्ता, विदा लगायतका सुविधा उपलब्ध गराउने स्वघोषणा ।

(ङ) सामाजिक सुरक्षा कोषमा सुचिकृत भएको प्रमाणपत्र ।

(३) सेवा ठेक्कामा उपलव्ध गराउन सक्ने कामदारको कबोल गरेको वार्षिक कुल रकमको २.५ प्रतिशतले हुनआउने रकम धरौटी स्वरुप यस गौरादह कृषि क्याम्पसको नाममा नेपाल बैंक लिमिटेड, गौरादह शाखामा रहेको चल्ती हिसाब नं. ०८४००१०६५५३७७२००००००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेण्टी पत्र (विड वण्ड) बोलपत्रका साथमा संलग्न हुनु पर्नेछ । बोलपत्र स्वीकृत भएको संस्था बाहेक अन्य संस्थाको धरौटी रकम फिर्ता गरिनेछ ।

(४) सिलबन्दी बोलपत्र स्वीकृत भएको ७ दिन भित्र कबोल गरेको अंकको ५ प्रतिशत (वुंदा नं. ३ को धरौटी समेत गरी) ले हुने रकमको नगद धरौटी वा वाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

(५) सिलवन्दी बोलपत्र दररेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ ।

(६) समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कार्यवाही हुने छैन ।

(७) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(८) सिलवन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुल्ने दिनलाई मानिनेछ ।

(९) सिलवन्दी बोलपत्रको डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण, सूचना आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन वाधा पर्ने छैन ।

(१०) थप जानकारीको लागि क्याम्पस प्रशासनमा सम्पर्क गर्न सकिनेछ ।

**क्याम्पस प्रमुख**
**सम्पर्क नं. ९८५११३८९९९**
**कार्यालयको फोन नं. ०२३-४८०२७५**